नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १७९ २०८१ साल फागुन १ गते बिहीबार (13 Feb. 2025 Thursday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : विचार : सम्पदाहरूको ... ३ पृष्ठमा : 'महाकुम्भबाट नेपाल पनि ... ३ पृष्ठमा : प्यालेस्टिनीलाई सार्ने कुरा ...

## छोरी शिक्षित भए बालविवाह अन्त्य हुन्छ : मुख्यमन्त्री सिंह

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ३० माघ ।**

मधेश प्रदशका मुख्यमन्त्री सतिशकुमार सिंहले गरिबीको र अशिक्षाका कारण बालविवाह भईरहेको बताएका छन् ।

संविधानले २० बर्ष भन्दा कम उमेरमा विवाह गर्न निषेध गरेपनि छिटफुट रुपमा बालविवाह भईरहेको प्रति चिन्ता व्यक्त गरे ।

जनकपुरमा बुधबार जस्ट राईट्स फर चिलड्रेन नेपालका प्रतिनिधिहरुको भेंटमा मुख्यमन्त्री सिंहले पहिलाको तुलनामा अहिले बालविवाह गर्ने क्रम न्यून हुँदैगएपनि गरिवीको रेखामुनि



रहेका जनताले छोरीको विवाह गरेर बोझ हटाउने मानसिकताका कारण बालविवाहले प्रश्रय पाइरहेको बताए ।

मुख्यमन्त्री सिंहले छोरीलाई शिक्षित बनाएर बालविवाह अन्त्य गर्न मधेश सरकारले काम गरिरहेको जानकारी दिए ।

उनले बालिका शिक्षित हुँदा दाइजो बढी दिनुपर्ने परम्परागत सोचका कारण विगत देखि गलत मानसिकता स्थापित भएकोले अवको युगमा त्यस्तो मानसिकताबाट अभिभावकहरु मुक्त हुनुपर्ने धारणा राखे ।

गरिबी र विपन्नताका कारण शिक्षामा बालिकाको सहभागिता कम भएको बताउँदै उनले शिक्षा र चेतनाबाट मात्र बालविवाहको अन्त्य हुने बताए ।

विपन्न परिवारजनले आर्थिक अभावका कारण विद्यालय शिक्षा पूरा नगर्दै छोरीको विवाह गर्ने मानसिकतालाई निरुत्साहित गर्न सरकारका साथै सबै सरोकारबालाहरुले सशक्त भएर लाग्नु पर्नेमा उनले जोड दिए ।

अहिलेको युगमा छोरीहरु सरकारी तथा गैरसरकारी निकायका उच्च पदमा पुगिसकेका उदाहरण दिदै मुख्यमन्त्री सिंहले उमेर नपुगी र शिक्षा प्राप्ति नसकिँदा सम्म छोरीको विवाह नगर्न जनचेतना जगाउने कामलाई थप सशक्त बनाउने पर्ने उनको भनाई छ ।

मुख्यमन्त्री सिंहले मधेस प्रदेशमा सरकारी सेवातर्फ ५० प्रतिशत महिला आरक्षण रहेको स्पष्ट पार्दै छोरीलाई शिक्षा आर्जन गरी प्रतिस्पर्धात्मक बाटोबाट अवसर प्राप्त गर्न प्रदेशमा सहज रहेको उल्लेख गरे ।

## कार्यकाल सकेपछि प्राधिकरण अध्यक्ष यादवको विदाई

**दैनिक समाचारदाता**
**राजविराज, ३० माघ ।**

आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवको ४ बर्षे कार्यकाल सम्पन्नपछि विदाई गरिएको छ ।

कार्यकाल सम्पन्न भएको अवसर पारेर जनकपुर स्थित आम संचार प्राधिकरण कार्यालयमा मंगलबार आयोजित कार्यक्रममा उनलाई विदाई गरिएको हो ।

मधेश प्रदेश सरकारले २०७७ सालमा स्थापना गरेको प्राधिकरणमा यादव पहिलो अध्यक्षका रुपमा नियक्त भएका थिए ।

विदाई समारोहमा अध्यक्ष यादवले आमसंचार प्राधिकरणको जिम्मेवारी सम्हालेपछि मधेशका



मिडिया र संचारकर्मीहरुको हकमा उल्लेख्य काम गरेको बताए ।

उनले प्रदेशको सञ्चार क्षेत्रलाई सशक्त बनाउन हर सम्भव प्रयास गरेको बताउँदै अनेक चुनौतीका बाबजुद

*बाँकी तीन पृष्ठमा*

## सल्हेश फुलवारीमा अन्तर्राष्ट्रिय मेला आयोजना गरिने



**दैनिक समाचारदाता**
**राजविराज, ३० माघ ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह संग छिमेकी देश भारतबाट आएका एक प्रतिनिधि मंडलले शिष्टाचार भेंटघाट गरेका छन् ।

दिल्ली स्थित रहेको कबिर अम्बेडकर फाउनडेशन ट्रस्टका अध्यक्ष नरेश पासवान सहितका प्रतिनिधि मंडलले मुख्यमन्त्री सिंह संग भेंट गरेका हुन् ।

भेंटमा उनीहरुले सिरहा स्थित रहेको सल्हेश फुलवारी तथा सल्हेश अखाडाको जिणोद्धार एवं सौदर्यीकरण गर्न माग गरेका छन् ।

नेपाल तथा भारतका पासवान समुदायको कुल देउताको रुपमा रहेको राजा सल्हेशको पुजा आजा धुमधाम संग मनाउँदै आएकोले कुलदेवता सल्हेश

*बाँकी तीन पृष्ठमा*

## प्रहरीमाथि हातपात गर्नेलाई कारबाहीको दायरामा ल्याउन गृहमन्त्रीको निर्देशन

काठमाडौँ, ३० माघ (रासस) ।

गृहमन्त्री रमेश लेखकले पछिल्लो समय प्रहरी कर्मचारीमाथि भइरहेको कुटपिट र दुर्व्यवहार घटनामा दोषी जोसुकै भए पनि छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन प्रहरी प्रमुख प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरलाई निर्देशन दिनुभएको छ ।

बुधवार बिहान गृह मन्त्रालयमा प्रहरी प्रमुख कुँवरसहित उच्च पदस्थ प्रहरी अधिकारीलाई बोलाएर मन्त्री लेखकले शान्ति सुरक्षा कायम गर्ने क्रममा प्रहरीमाथि भइरहेको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै प्रहरीलाई छानबिन गरी दोषीलाई तत्काल कारबाहीको दायरामा ल्याउन निर्देशन दिनुभयो ।

मुलुकका केही स्थानमा केही दिनयता सुरक्षाकर्मीमाथि नै कुटपिट र दुर्व्यवहार भइरहेका घटना सार्वजनिक भइरहेकोप्रति सचेतता अपनाउँदै शान्ति सुरक्षा कायम गर्न प्रहरी थप सक्रिय भएर लाग्नुपर्नेमा मन्त्री लेखकको जोड थियो । "घटनामा संलग्न जोसुकै संलग्न भए पनि कानुनी प्रक्रियाबाट कारबाही गर्न निर्देशन दिएको छु", मन्त्री लेखकले भन्नुभयो, "समाजमा शान्ति सुरक्षामा खलल पुऱ्याउने, समाजको पहरेदारीमा खटिने कर्मचारीमाथि जाइलाग्ने जो कोही भए पनि कानुनी दायरामा ल्याउन भनिसकेको छु ।"

## मन्त्रालयले फागुनभर नसर्ने रोगसम्बन्धी निःशुल्क परीक्षण गर्दै

काठमाडौँ, ३० माघ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नसर्ने रोग पहिचान गरी नागरिकमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले आगामी फागुनभरि नसर्ने रोगसम्बन्धी निःशुल्क परीक्षण गर्ने भएको छ । मन्त्रालयले फागुन १ गतेदेखि एक महिने निःशुल्क परीक्षण अभियान सञ्चालन गरी नसर्ने रोगको समयमा उपचार गर्नुपर्नेसम्बन्धी सचेतना अभिवृद्धि गर्ने जनाएको हो ।

अभियानका क्रममा ३० वर्षमाथिका सबै नागरिकलाई स्थानीय स्वास्थ्य संस्थाहरूमा मधुमेह, उच्च रक्तचाप, मिर्गौलासम्बन्धी रोगको परीक्षण गरिनुका साथै शरीरको उचाइ र तौलको अनुपात पहिचान गरिने मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो । उहाँका अनुसार देशभर एक करोड ४० लाख ९० हजार नागरिक ३० वर्षमाथिका छन् ।

डा. बुढाथोकीले भन्नुभयो, "स्थानीय तहसम्म रहेका स्वास्थ्य संस्थामा ३० वर्षमाथिका सबैलाई निःशुल्क परीक्षण गरिनेछ । सबै समयमा उपचार गर्नुपर्ने विषयमा आमनागरिकमा सचेतना अभिवृद्धि गराउने छौं ।" स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले गत मङ्सिर १६ गते 'नसर्ने रोगसम्बन्धी एक महिने अभियान सञ्चालन निर्देशिका' स्वीकृत गर्नुभएको थियो ।

त्यसैगरी फागुन महिनामा पाठेघरको मुखको क्यान्सरविरुद्धको स्क्रिनिङ अभियान सञ्चालन गर्ने तयारी भइरहेको मन्त्रालयले जनाएको छ ।

**प्रजातन्त्र दिवस भव्यरूपमा मनाऔं ।**

➢ प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो.
➢ आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो.
➢ आफ्ना प्रतिनिधिहरू मार्फत शासनमा नागरिकको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो.
➢ शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो.
➢ प्रजातन्त्र एक पद्धती, व्यवहार र आचरण पनि हो.

त्यसैले,
➢ प्रजातान्त्रिक संस्कार, आचार र व्यवहारको अवलम्बन प्रत्येक नागरिकको कर्तव्य हो.
➢ त्यस तर्फ सचेत बनौं ।
➢ ७५ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विचार : सम्पदाहरूको सङ्गमस्थल भक्तपुर

**रेणु त्वानाबासु**

काठमाडौँ, ३० माघ (रासस):

भक्तपुरको नाम लिनासाथ धेरैले नेपालकै सबैभन्दा अग्लो प्यागोडा शैलीको न्यातापोल (पाँचतल्ले) मन्दिर, पचपन्न भ्याले दरबारको सहरका रूपमा मात्र सम्झन्छन् । दरबार क्षेत्र अथवा त्योभन्दा बढी हेरे, सुनेको भए( दतात्रय क्षेत्र । तर यतिमा मात्रै सीमित छैन भक्तपुर । ऐतिहासिक सहर त हुँदै हो, यसबाहेक यहाँको संस्कृति, परम्परा, मठमन्दिर, पाटीपौवा, जात्रापर्व, चालचलन र जीवनशैलीको विविधताले गाउँ र सहरको मौलिकपन एकै ठाउँमा भेटिन्छ ।

काठमाडौँ महा नगरपालिकाका प्रमुख बालेन्द्र साहकै शब्दमा भक्तपुर एउटा खुला सङ्ग्रहालय हो । यो एउटा खुला विश्वविद्यालय पनि हो, जहाँबाट धेरै कुरा सिक्न सकिन्छ । भक्तपुर मूर्त र अमूर्त सम्पदाहरूको सङ्गमस्थल हो । यहाँ विश्व सम्पदामा सूचीकृत पाँचतल्ले मन्दिर, सुनको ढोका तथा यहाँका कलासंस्कृति मात्रै होइन, यो ठाउँ जीवन सिक्ने थलो पनि हो । अलेक्जेण्डर पावेलले आफनो पुस्तकमा पनि भक्तपुर नघुम्नु भनेको आधा संसार नघुम्नुजस्तो हो भनेका छन् ।

**मौलिक घर**

भक्तपुर नगरपालिका क्षेत्रमा भने प्रतिपर्यटक १५ अमेरिकी डलर प्रवेश शुल्क लाग्छ । यहाँ दैनिक सालाखाला एक हजार विदेशी पर्यटक घुम्न आउँछन् । भक्तपुरमा पर्यटकलाई आकर्षित गर्ने पक्षमध्येका एक हो, यहाँका घरका बनावट । भक्तपुरमा परम्परागत शैलीका घर धेरै देखिन्छन् । यहाँ धेरैले व्यावसायिक प्रायोजनका लागि यस्ता परम्परागत शैलीको देखिने घर बनाएका छन् । होटल, रेष्टुराँ सञ्चालन गरी पर्यटक तान्नका लागि यस्ता घर बनाएको धेरै देखिन्छन् । पुरानो सहरको जीवन्तताका लागि भक्तपुर नगरभित्र आधुनिक घर बनाउन नपाइने भक्तपुर नगरपालिकाको नियम छ । मोहडामा ढलान देखाउने नपाइने, माथिल्लो तल्लामा स्ल्याब नदेखिने गरी छाना राख्नुपर्ने लगायतका नियम नगरपालिकाको छ । यसका लागि अगाडिको मोहडामा लाग्ने खर्चमा कुल खर्चमा ३५ प्रतिशत खर्च सहयोगस्वरुप नगरपालिकालें उपलब्ध गराउँछ ।

**पहिलो टेराकोटा भवन**

भक्तपुरको सुकुलढोकाबाट पाँच मिनेटको दूरीमा टेराकोटा भवनको अवलोकन गर्न सकिन्छ । यो भवन पूरै इँटैइँटाले बनेको छ । माटोबाट बनेको आकृतिलाई पोलिसकेपछि निस्कने रुपलाई टेरोकोटा भनेर बुझिन्छ । यस भवन नै नेपालको पहिलो टेराकोटा भवन हो । अरु घर, मन्दिर, भवनहरूमा भ्याल, टोरण, टुँडालहरू काठको हुन्छ भने यो भवनमा रहेको भ्याल, टोरण, टुँडाल, आँखीभ्याल सबै इँटाको छ । यो शैलीको भवनलाई टेराकोटा भवन भनिन्छ । नेपाल संवत् ८२७ मा राजा भूपतिन्द्र मल्लको शासनकालमा हालको भक्तपुर नगरपालिका(६ तुछिमला टोलमा यसको निर्माण भएको थियो । न्यातापोल मन्दिर निर्माणपश्चात् बाँकी रहेको सरसामानको प्रयोग गरी यो भवन बनाएको हो भनिएको छ । यस भवनमा गणेशको मूर्तिका साथै आकाशभैरव र अवाल परिवारहरूको आँगनसमेत रहेको छ ।

त्यस्तै घरहरूको लाममा तौलाछें टोलमा अवस्थित तलातुन्छी गणेश द्यःछें हो । यसमा विश्वकर्मा भैल प्याख खलः विश्वकर्मा धिमे खलः, विश्वकर्मा धा बाजा खलः, डाफा भजन, बासुरी बाजा, लाखे प्याख खलः समावेश छन् । टेराकोटाको एक अलौकिक नमूना रहेको यस घरमा श्रीगणेशको मूर्ति इँटाले बनाइएको छ । घरको ढोकामा प्रजापतिहरूको पुर्खौली माटोको भाडा बनाउने कामको कलात्मक कला राखिएको छ भने दैनिक जीवनमा प्रयोग गरिएका पानी थाप्ने, रक्सी पार्ने, चिउरा कुट्ने, बत्ती काल्ने, जाँतोमा मकै पिस्ने, खर्पन बोकी खेत जानेलगायतका त्यतिबेलाका कामलाई कलात्मक कला टेराकोटामा उत्तारिएको छ । विभिन्न प्रजापतिका गुठीहरू पहलमा २०७८ सालमा यो भवनको निर्माण गरिएको थियो ।

**टाइचिन चिउरा**

भक्तपुरको अर्को पहिचान हो, टाइचिन चिउरा । नेवारी समुदायका हरेक भोजमा टाइचिन चिउरा नभई हुँदैन । यहाँको टाइचिन चिउरा विशेष मिठासको हुन्छ । ताजा तात्तातो टाइचिन चिउराले त खानाका पारखीहरूलाई लोभ्याउँछ । केही वर्षअघिसम्म टोलटोलमा टाइचिन चिउराको मिल देख्न सकिन्थ्यो । तर आजभोलि टाइचिन चिउरा कसरी बन्छ भनी हेर्नका लागि नागपोखरीस्थित वीरेन्द्र जतिले सञ्चालन गर्दै आएको मिल र भक्तपुर नगरपालिका(५ भुलाछें टोलतिर जान सकिन्छ ।

**हाकुपटासी**

भक्तपुरको अर्को आकर्षण हो हाकुपटासी (परम्परागत कालो फरिया) अर्थात नेवारी महिलाको परम्परागत पहिरन । यो यहाँको मौलिक पहिरन हो । पहिले भक्तपुरका ज्यापु समुदायका महिलाले आफ्नो लागि चाहिने लुगा आफैँ बुनेर तयार पार्ने चलन थियो । पहिला यसको तान मेसिन हरेक किसानको घरघरमा हुन्थ्यो । हाकुपटासी बनाउन हाते तान, चर्खा, फेलु (धागो बेर्ने), तुकी आदि प्रयोग गरिन्छ । आजभोलि हाकुपटासी वा नेपाली कपडा उत्पादन हेर्नको लागि भक्तपुरको लिवाली, व्यासीस्थित औद्योगिक क्षेत्र वा आदर्श खोरेमा गएर अवलोकन गर्न सकिन्छ । हिजोआज विद्युतीय मेसिनले पनि बुन्ने गरिएको छ ।

**बाजागाजा धिमे, धाँ, बासुरी**

भक्तपुर अर्को पहिचान हो, बाजगाजा । जात्रापर्वलगायतका विशेष पूजाआजामा बाजा बजाएको सुन्न पाइन्छ यहाँ । चाडपर्वमा भक्तपुरभरि सार्वजनिक रुपमा नै बाजागाजाको गुञ्जायमान हुन्छ । टोलटोलमा बाजागाजा प्रशिक्षण लिनेको भीड लाग्छ ।

**काष्ठकला**

काष्ठकलाले भक्तपुरको अर्को पहिचान झल्काउँछ । यहाँका मयुर झ्याल तथा अन्य मठमन्दिरमा प्रयोग हुने काठको बुट्टाले पनि भक्तपुरको पहिचानलाई उजागर गरेको छ । मठमन्दिरमा फरकफरक बुट्टा कोरिएका काठको प्रयोग गरिएको पाइन्छ । यो भक्तपुरस्थित इनाचो, ताथली, बराही, च्याम्हसिँह, भक्तपुर औद्योगिक क्षेत्रभित्र प्रत्यक्ष हेर्न सकिन्छ । भक्तपुरको हरेका घरको झ्याल, मूलढोका तथा मठमन्दिरमा प्रयोग गरिने काठका तोरनले पर्यटकलाई आकर्षक बनाएको पाइन्छ । आन्तरिक वा बाह्य पर्यटकलाई मायाको चिनो काठको बनेको मयुरको झ्याल वा अन्य परम्परागत बुट्टेदार झ्याल दिने चलन छ ।

**मूर्तिकला**

भक्तपुरको प्रायः मन्दिरहरूमा ढुङ्गाबाट बनाइएको सिँह, बो सिँह अर्थात् उड्ने सिँह, विभिन्न देवीदेवताको मूर्तिहरू ढुङ्गाबाट बनाइन्छ । कतिपय मन्दिरहरू त ढुङ्गाले मात्र पनि बनेका छन् । यसले पुरानो भक्तपुरलाई जीवन्त राख्ने काम गरेको छ । भक्तपुरको दरबारस्क्वारमा रहेको सिद्धिलक्ष्मी मन्दिर, नृत्य बात्सला मन्दिर ढुङ्गाले मात्र पनि बनेका छन् ।

**सुकुल भोज**

नेवार समुदायले खानाको परिकार र भोज गर्ने तरिका पनि अन्य समुदायको तुलनामा भिन्न छ । ती भोजमध्ये सुकुल भोजको भिन्नै विशेषता छ । सुकु भ्वय अर्थात् सुकुलमा लहरै बसेर खाने भोजको अवलोकन र खानेकुराको स्वाद लिन नेवार समुदायमा बच्चाको पास्नी, सूर्यदर्शन, व्रतबन्ध, विवाह, वार्षिकोत्सव, रथारोहण गुठीको भोजमा लिन सकिन्छ । झ्व भ्वये अर्थात् सुकुल भोजमा चिउरा, लप्ते, अचार, हरियो लसुन, द्याकागु ला (झोल भएको राँगाको मासु), गेडागुडीका परिकार (केराउ, चना, सिमी, सिम्पु) काउली, आलु, छ्याला (तामाको झोल भएको तरकारी) तकोला (ठूलाठूला टुक्रा गरिएको राँगाको मासु), हरियो साग अमिलो, भुटन र दही समावेश गरिन्छ । भोजको अन्तिममा भिजाएको सानो केराउ, काटेको मुला, गाजर र फलफूलको केही टुक्रा सलादको रुपमा राखिन्छ ।

**सम्येबजी**

चाडपर्व, भोजमा सम्यबजी छुट्दैन । सर्वप्रिय नेवारी परिकार हो, सम्यबजी । यो नेपाल भाषा अर्थात् नेवारी शब्द हो । जहाँ बजीको अर्थ चिउरा हो । भक्तपुरको सम्यबजीको स्वाद लिन भक्तपुरको स्थानीय खाजा पसल तथा रेष्टुराँमा सजिलै खान पाइन्छ । यसमा बजी (चिउरा) त्यसमा पनि टाइचिन बजी अर्थात् विशेष स्वादिलो चिउरा, कालो भटमास, अदुवा, लसुन, छ्याला (मासुको परिकार), अण्डा, आलु, बोडी र अचार हुन्छ । यो मौलिक नेवारी सम्यबजीमा हुने परिकारहरू हुन् । सम्यबजी सेटमा करिब १० थरि परिकार हुन्छन् । तर आजभोलि अरु थप परिकारहरूमा पनि राखेर सम्यबजी बनाइन्छ । चाडपर्वमा सम्यबजीलाई प्रसादको रुपमा हातमा राखेर थोरै पनि खाने चलन छ ।

**भादगाउँले कालोटोपी**

भादगाउँले कालोटोपी भक्तपुरको मौलिक पहिचान हो र भक्तपुर सहरको पुरानो नाम हो भादगाउँ । सहरको यही पुरानो नामको पहिचान दिने गरी मल्लकालदेखि नै भक्तपुरमा भादगाउँले टोपी उत्पादन हुँदै आएको छ । नेवार समुदायमा पनि यो टोपी प्रसिद्ध छ । यसलाई पत्यक्ष रुपमा हेर्न भक्तपुरको कमलविनायक लाम्गालमा बाहिर बसेर टोपी बनाइराखेको हेर्न सकिन्छ । साथै, भक्तपुर नगरका बजारमा पनि ठाउँठाउँमा यस्ता टोपी बनाएको हेर्न सकिन्छ । यसलाई प्रवर्द्धन गर्न भक्तपुर नगरपालिकाले भक्तपुर भ्रमण आउने स्वदेशी तथा विदेशी पाहुनालाई भादगाउँले टोपी लगाएर स्वागत गर्ने गर्दछ ।

**कसिमला पाँय् खेल**

कसिमला पाँय् भक्तपुरको सबैभन्दा पुरानो परम्परागत खेलको रुपमा लिइन्छ । केही समय अगाडि यो लोप हुन अवस्थामा थियो । यसलाई बुढापाकाले मात्र खेल्ने गर्दथे । यसलाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले यस खेललाई जीवन्त राख्न स्थानीय पाठ्यक्रममा समावेश गरेको छ ।

नगरपालिकाले स्थानीय पाठ्यक्रममा समावेश गराएपछि यस खेलले पुनर्जीवन पाएको छ । अहिले यो खेल बुढापाकाले मात्र नभई स्कुलमा विद्यार्थीहरूले पनि मन लगाएर खेल्ने गरेका हुन् । यस खेलले मनोरञ्जनका साथै बौद्धिक खुराक प्रदान गर्ने गर्छ ।

**जुजु धौ**

भक्तपुरको अर्को विशेषता हो जुजु धौ अर्थात् दहीको राजा । यहाँ अन्यत्र नपाइने जुजु धौ अर्थात् दही पाइन्छ । यहाँ जुजु धौ बनाएको प्रत्यक्ष अवलोकन गर्ने मुख्य ठाउँ हो भक्तपुरको जैंला । यहाँ अहिले पनि परम्परागत तरिकाले माटोको भाडामा भुस ओछ्याएर दही तयार गरिन्छ । भक्तपुरको सैंजु थरका समुदायले बनाउने चलन छ यस्ता दही । आजभोलि माटोको मट्का, कला तथा अन्य विभिन्न माटोको भाडामा नै दही बनाउने चलन सुरु भएको छ । नेपाल भाषामा जुजुको अर्थ राजा र धौको अर्थ दही । यस अर्थमा जुजु धौको अर्थ सबैभन्दा उत्कृष्ट दही भन्ने हो । भक्तपुरमा ६५ परिवार दही बनाउने पेशामा आबद्ध रहेको जुजु धौ एसोसिएसनको अनुमान छ ।

**बुराँज्या**

भक्तपुरको मौलिक परम्परा हो बुराँज्या । बुराँज्या अर्थ केलाउँदा धानको मात्रा बढोस् जति खर्च गर्दा खेतमै नसकियोस् र अन्नदाता करुणामयको करुणा रहिरहोस् भनेर खेतमै जम्मा गरिराखेको कालो धानको थुप्रो घरको मूलीले गरिने पूजाआजालाई बुराँज्या बुझिन्छ । यो धान काटिसकेपछि करिब नौ दिनमा खेतमा परालको सुताभित्र सुरक्षित राखिएको धान निकाल्नेर घर भित्र्याउने सांस्कृतिक विधि पनि बुराँज्या हो । सरल भाषामा हाकुवा अर्थात् कालो धान बनाउने मौलिक परम्पराको रुपमा लिन सकिन्छ । कालो धान बनिसकेपछिको बुराँज्या कार्यक्रम गरी नातेदार, साथीभाइ, छरछिमेकलाई बोलाएर खेतमै प्रसादको रूपमा सम्येबजी खुवाएको हुन्छ भने कसैकसैले बुराँज्या पूजामा अन्नदाता करुणामयसँग सम्बन्धित हुँदा पूजा गरी खेतमै सम्येबजी खुवाई घरमा

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सीतापुर, सप्तरी**

# ‘महाकुम्भबाट नेपाल पनि लाभान्वित हुनसक्छ’

**कमलकुमार बस्नेत**

प्रयागराज (भारत), ३० माघ (रासस)।

यमुना र गङ्गा नदी मिसिएको दोभानमा स्नान गर्न पाउँदाको खुसी भक्तजनको मुहारमा प्रष्ट देखिन्छ। टाढाटाढाबाट आएका उनीहरूको शरीर थकित भए पनि यहाँ आइपुग्दाको खुसी उनीहरूको मुहारमा झल्किन्थ्यो।

एक सय ४४ वर्षपछि भएको महाकुम्भमा पुण्य प्राप्त गर्न आएका लाखौँ भक्त नदीको एक किनारमा बनाइएका स्नानस्थलमा भगवान्को नाम जप्दै डुबुल्की मारिरहेका भेटिन्छन्। प्रयागराजमा गङ्गा र यमुनासँगै सरस्वती नदीको सङ्गम भएको विश्वासले धार्मिक रूपमा यो स्थानलाई विशेष मानिन्छ। यद्यपि हाल सरस्वती नदीको भने अस्तित्व देखिन्न।

भारतको उत्तराखण्ड राज्यको प्रयागराजमा गत महिनादेखि सुरु महाकुम्भमा आउनेहरूको सङ्ख्या दिनप्रतिदिन बढिरहेको महाकुम्भ मेलाका सूचना अधिकारी गगन यादवले बताउनुभयो। दैनिक एक करोडदेखि तीन करोडसम्म भक्तजन आइरहेका छन्। “महाकुम्भमा आउनेहरूको गणनाका लागि चोकचोकमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई)मा आधारित क्यामेरा जडान गरिएको छ। त्यसैका आधारमा आगन्तुकको आकडा अनुमान गरिएको हो। एक दिनमा सबैभन्दा बढी तीन करोडभन्दा बढी भक्तजन महाकुम्भमा आएका छन्”, उहाँले भन्नुभयो।

प्रधानमन्त्री नरेन्द्र मोदीले महाकुम्भमा स्नान गरेपछिका दिनमा यहाँ आइपुग्ने भक्तजनको सङ्ख्या उल्लेख्य बढेको छ। “पछिल्लो पाँच दिनमा भक्तजनको सङ्ख्या बढ्दो छ, हामीलाई व्यवस्थापन गर्न कठिन भएको छ”, उहाँले भन्नुभयो। हालसम्म ४५ करोडभन्दा बढीले महाकुम्भ मेला भरेका छन्। नेपाललगायत विभिन्न देशबाट श्रद्धालु भक्तजन आएका उहाँले जानकारी दिनुभयो। मेला समापनका दिनसम्ममा ५५ करोड भक्त आउने उहाँको अनुमान छ।

महाकुम्भ मेलाबाट नेपालले पनि धार्मिक पर्यटन प्रवर्द्धन गरी लाभ लिन सक्ने सूचना अधिकारी यादवले बताउनुभयो। महाकुम्भमा आउने अधिकांश भक्तजन अयोध्यास्थित भगवान् रामको मन्दिर र वाराणसीस्थित विश्वनाथबाबाको मन्दिरमा पुगिरहेका छन्। त्यसैगरी, उनीहरूलाई नेपालका प्रसिद्ध तीर्थस्थल पशुपतिनाथ, मुक्तिनाथ र लुम्बिनीलगायत स्थानमा लैजान सकिने यादवले बताउनुभयो।

**चुस्त व्यवस्थापन**

विश्वका विभिन्न देशबाट महाकुम्भमा सहभागी हुन आउनेको सङ्ख्या अनपेक्षित रूपमा बढे पनि मेला व्यवस्थापन भने चुस्त छ। सबै भक्तजनलाई स्नान गर्न मिल्नेगरी नदी किनारमा व्यवस्थापन गरिएको छ। स्थानीय, राष्ट्रिय, अन्तरराष्ट्रिय सञ्चारमाध्यमका लागि आवासीय सुविधासहितको ‘पडकास्टिङ’ सञ्चालन गर्नेका लागि पनि स्थल बनाइएको छ। साथै आगन्तुकका लागि अस्थायी आवास निर्माण गरिएको छ। सूचना अधिकारी यादवका अनुसार मेला सञ्चालनका लागि हालसम्म भारत सरकारले रु ७५ अर्ब खर्च गरिसकेको छ।

**के हो महाकुम्भ ?**

आजभन्दा आठ सय ५० वर्षअघि पहिलो महाकुम्भ मेला आयोजना भएको मानिन्छ। आदिशङ्कराचार्यले महाकुम्भको सुरुआत गर्नुभएको थियो। केही पौराणिक कथाहरूमा कुम्भको आयोजना समुद्र मन्थनपछि हुन थालेको वर्णन पनि पाइन्छ।

प्रसिद्ध चिनियाँ यात्री हेनसाङले आफ्नो भारत यात्राका क्रममा कुम्भमेला आयोजना भएको उल्लेख गरेका थिए। हेनसाङका अनुसार राजा हर्षवर्द्धनले प्रत्येक पाँच वर्षमा नदीहरूको सङ्गममा ठूला कार्यक्रम आयोजना गर्दथे। ती कार्यक्रममार्फत राज्यको सम्पत्तिबाट केही हिस्सा धार्मिक व्यक्तिहरूलाई दान दिन्थे।

त्यसबाहेक कुम्भको महिमा शिव पुराण, मत्स्य पुराण, पद्म पुराण र भविष्य पुराणमा उल्लेख भएको पाइन्छ। समुद्र मन्थनका क्रममा जब अमृतको कलश निस्कियो तब देवता र राक्षसबीच अमृतको कशल तानातान भयो। सोही सङ्घर्ष कम गर्नका लागि भगवान् विष्णुले मोहिनी रुप लिनुभएको थियो। त्यसपछि जब देवता र राक्षसहरूबीच सङ्घर्ष बढ्न थाल्यो तब इन्द्रदेवका पुत्र जयन्तलाई अमृतको कलश जिम्मा लगाइयो। जयन्त कौवाको रुप धारण गरी राक्षसहरूबाट अमृतकलश खोसेर उड्न थाले। उड्ने क्रममा अमृतका केही थोपा प्रयागराज, उज्जैन, हरिद्वार र नासिकमा खसेको विश्वास गरिन्छ। अमृत खसेका स्थानमा कुम्भमेला हुन थालेको हो।

## सल्हेश...

मोतीराम बुद्धेश्वर एवं माता मालिन र चौहर बाबा नेपाल तथा भारतको एतिहासिक स्थल भएकोले त्यस ठाउँको जिर्णाद्धार गर्न आग्रह गरेका हुन्।

गएको वर्षहरु जस्तै यसबर्षको बैशाख २ मा पनि सल्हेश फुलवाडी राजा सल्हेशको स्थानमा कबीर अम्बेडकर फाउण्डेशन ट्रस्टले अन्तर्राष्ट्रिय मेला महोत्सव मनाउने निर्णय गरेको जानकारी गराउदै मुख्यमन्त्री संग सहयोग गर्न आग्रह गरेको अध्यक्ष पासवानले बताए।

उनले यसबाट भारत र नेपालको मैत्री सम्बन्ध र सामाजिक समरसता अझै बढ्ने पासवानले विश्वास व्यक्त गरे।

प्रतिनिधिमंडलमा अध्यक्ष पासवानका साथै फाउण्डेशनका कोषाध्यक्ष ललित पासवान, सप्तरीका सुनीता साह, सर्लाहीका सुनिता कलवार र सोनेलाल पासवास सहितको सहभागिता रहेको थियो।

## कार्यकाल...

सञ्चारमाध्यम र सञ्चारकर्मीको हितमा काम गर्न कुनै कसर बाँकी नराखेको धारणा राखे।

मधेशका संचारमाध्यमहरुमा लोक कल्याणकारी विज्ञापन देखि पत्रकारहरुको दुर्घट्ना बीमा लगायतका अनेक कार्यक्रम संचालनमा ल्याउनुका साथै मधेशका पत्रकारहरुको क्षमता अभिवृद्धिका क्षेत्रमा पनि काम गरिएको जानकारी दिए।

“प्राधिकरणमा आउँदा नयाँ थिएँ, जिम्मेवारी ठूलो थियो तर सबैको सहयोगले एउटा जग बसाल्न सफल भएको छु” उनले भने।

कार्यक्रममा मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दास, काउन्सिलका सदस्य अर्जुन मण्डल, प्राधिकरणका सदस्य प्रतिमा चौधरी र अमरेन्द्रकुमार यादव, नेपाल पत्रकार महासङ्घ मधेश प्रदेशका महासचिव शैलेन्द्र महतो, सहसचिव हदिश खुद्दार, महासङ्घ धनुषाका अध्यक्ष पुरन साह, सामुदायिक रेडियो प्रसारण सङ्घ मधेशका निवर्तमान अध्यक्ष मनोज कुमार यादव, प्राधिकरणका प्रशासकीय प्रमुख प्रसन्नराज कर्ण, लगायतकाले यादवको कार्यकाल सफल रहेको बताए। उनीहरुले आगामी दिनका लागि शुभकामना दिदै मधेशको मिडिया हाउस र श्रमजिवी पत्रकारहरुको हकमा यादवले खेलेको भूमिका सराहनिय रहेकोले धन्यवाद समेत दिए।

## विचार...

भोज खुवाउने चलन पनि छ।

**माटोको भाँडा**

माटो भाँडा बनाइने भएकाले भक्तपुरलाई छुट्टै पहिचान दिएको छ। प्रजापति (थर) का स्थानीयले विभिन्न प्रकारका माटोका भाँडाकुँडाहरू बनाएको हेर्न सकिन्छ। यहाँ अहिले पनि परम्परागत प्रविधिअर्थात् हात चलाउने चाकाबाट नै माटोका भाँडाकुँडा, मूर्तिहरू देख्न सकिन्छ। कतिपयले मेसिनबाट चल्ने चाकाले पनि बनाएको पाइन्छ। साथै, पर्यटककाे आकर्षणको लागि पर्यटकहरूले माटोको भाँडा बनाउन दिइन्छ। माटोका खुटुक्के, गाग्री, दियो, मूर्ति, फिल्टर, हिटर, गमला, प्लेट इत्यादि बनाइन्छ। प्रजापति थरका स्थानीयवासीको परम्परागत पेसामा पर्दछ।

अन्तमा, कला, संस्कृति र सम्पदा मानव सभ्यताको सिलसिला हो। ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको महत्व र यसको सदुपयोगबारे जनचेतना अभिवृद्धि गर्दै यसको संरक्षण र संवर्द्धन गरी भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउने भक्तपुरको प्रयास जारी छ। भक्तपुर नगरपालिकाले ‘पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति’ नारालाई सार्थक पार्दै चार दशकदेखि यहाँका मूर्त र अमूर्त सम्पदाहरू संरक्षणमा जोड दिँदै आएको छ। *(लेखक ख्वप कलेज भक्तपुरका पत्रकारिताका सहप्राध्यापक पनि हुन्)*


सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
junetarasaving90969@gmail.com
दर्ता नं. [illegible]
PaN No. [illegible]

**जुनतारा बचत तथा ऋण सहकारी संस्था लि.**
Junetara saving & Loan co. operative Ltd
(मलेठ,नहरचोक,हाल राजविराज ९ सप्तरी,नेपाल)

च.नं. ०९१
मिति : [illegible]

विषय : ऋण बुझाउँन आउँने बारे ३५ दिने सार्वजनिक सुचना

यस जुनतारा बचत तथा ऋण सहकारी संस्था लि. राजविराज ९ मलेठ सप्तरी बाट विभिन्न मिति तथा उद्देश्यमा ऋण लिएको तपशिलका ऋणि सदस्यहरुले भाखाँ म्याद भित्र ऋण रकमको सवाँ सो साँवाको लाग्ने ब्याज तथा हर्जना रकम नबुझाएकोले निजहरुलाई पटक- पटक मौखिक तथा लिखित तागेता पत्राचार गरिसकिएको तत्पश्चात पनि ऋण नबुझाई अटेरी गरेको हुदाँ निजहरुलाई ऋण बुझाउँन आँउने भनि ३५ दिने सार्वजनिक सुचना जारी गरिएको छ। उक्त समय भित्र ऋण बुझाउँन हुन सुचित गरिन्छ। सो नआएमा सहकारी ऐन २०७४ को दफा ७९,८३,सहकारी ऐन नियमावली २०७५ को दफा ३० र संस्थाको विनियम बमोजिम निजहरुले लेखिदिएको धितो जमानत निलाम तथा दोभावा-चौपाया समेत बिक्री गरि असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| क.स. | ऋणिको नाम थर | ठेगाना | बुवा/पति | बाजे/ससुरा | ऋणिको [illegible] |
|---|---|---|---|---|---|
| १. | रामपरि देवी यादव | राजविराज-९ | जगदिश यादव(अमिन) | सत्य नारायण यादव | व्यापार |
| २. | बच्चालाल यादव | राजविराज ९ | स्व. नतर यादव | | व्यापार |
| ३. | भोली देवी यादव | रुपनी गा.पा. ५ | रघुनाथ यादव | नन्द लाल यादव | घर बनाउँने |
| ४. | फिदा हुसेन | राजविराज ९ | इस्लाम मियाँ | सकुर मियाँ | व्यापार |
| ५. | ममता मेहता | राजविराज ९ | सुजित कुमार मेहता | सुर्य नारायण मेहता | व्यापार |
| ६. | पशुपति मेहता | राजविराज ९ | इनरदेव मेहता | सातेन मेहता | व्यापार |
| ७. | नियल यादव | राजविराज ९ | स्व. रवि यादव | असर्फी यादव | व्यापार |

भोला प्रसाद यादव
अध्यक्ष

भोला प्रसाद यादव
अध्यक्ष


# विश्व समाचार

## प्यालेस्टिनीलाई सार्ने कुरा ‘अरब विश्वका लागि अस्वीकार्य’ : अरब लिग प्रमुख

दुबई, ३० माघ (रासस/एएफपी)।

प्यालेस्टिलाई सार्ने कुरा 'अरब जगतका लागि अस्वीकार्य' हुने अरब लिगले जनाएको छ।

अरब लिगका महासचिव अहमद अबुल घेइतले बुधबार गाजा पट्टी र वेस्ट बैङ्कबाट प्यालेस्टिनीलाई कुनै पनि प्रकारको विस्थापन गर्ने कुरा अरब जगतलाई अस्वीकार्य रहेको बताउनुभएको हो।

दुबईमा आयोजित विश्व सरकार शिखर सम्मेलनमा उनले भने, “आज गाजामा ध्यान केन्द्रित गरिएको छ र भोलि प्यालेस्टाइनलाई यसका ऐतिहासिक बासिन्दाहरूबाट खाली गराउने उद्देश्यका साथ यो वेस्ट बैंकमा सर्नेछ।

उहाँले भन्नुभयो, “करिब १०० वर्षदेखि यस विचारसँग लडिरहेका यो अरब समुदायका लागि अस्वीकार्य छ।”

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्यालेस्टिनीहरूलाई गाजाबाट बाहिर निकाल्ने योजनाबारे टिप्पणी गर्दै अबुल घेइतले यस्तो टिप्पणी गर्नुभएको हो।

उहाँले भन्नुभयो, “एक शताब्दीको प्रतिरोध गरेका हामी अरब समुदायहरू अब कुनै पनि तरिकाले आत्मसमर्पण गर्ने कुराको पक्षमा लाग्ने छैनौं। हामीले कुनै राजनीतिक, सैन्य वा सांस्कृतिक हार बेहोरेका छैनौं भने किन यसो गर्नुपर्ने?”

## क्रान्तिपछि बङ्गलादेशको हिरासतमा दर्जन व्यक्तिको मृत्यु : मानवअधिकार समूह

ढाका, ३० माघ (रासस/एएफपी)।

गत वर्षको क्रान्तिपछि बङ्गलादेशमा यातना र बन्दुकको गोली लागेर कम्तीमा एक दर्जन मानिसको हिरासतमा मृत्यु भएको एक अधिकार समूहले बुधबार बताएको छ।

पूर्व प्रधानमन्त्री शेख हसिनालाई हटाएको विद्यार्थी नेतृत्वको क्रान्तिपछि सत्ता सम्हालेको अन्तरिम सरकारसँग दक्षिण एसियाली यस मुलुकको सबैभन्दा ठूलो मानवअधिकार सङ्गठनहरू मध्येको एक ओधिकारले न्यायको माग गरेको छ।

“अन्तरिम सरकारले यी अपराधहरूलाई दण्डहीन हुन दिनुहुँदैन”, ओधिकारका निर्देशक एएसएम नसिरुद्दिन एलानले भन्नुभयो, “न्यायेतर हत्यामा संलग्न व्यक्तिहरूलाई न्यायको कठघरामा ल्याउनैपर्छ।”

हसिनाको १५ वर्षे स्वेच्छाचारी शासनकालमा सुरक्षा बलहरूले उहाँको शक्ति बढाउन व्यापक हत्या गरेका ओधिकारले प्रतिवेदनमा विस्तृत रूपमा बताएको छ। ओधिकारले हसिना भागेपछि पनि ती एजेन्सीहरूले मानवअधिकार उल्लङ्घन गरिरहेको आरोप लगाएको छ।

हसिना अगस्ट ५ मा छिमेकी भारतमा निर्वासनमा भाग्नुभयो र त्यसयता मानवता विरुद्धको अपराधको मुद्दा सामना गर्न पक्राउ पूर्जीको अवज्ञा गर्दै आउनुभएको छ।

हसिनाविरुद्धको विद्रोहमा संयुक्त राष्ट्रसङ्घका अनुसार एक हजार चार सयभन्दा बढी मानिसको मृत्यु भएको हुनसक्ने बताइएको छ।

उहाँ गएपछि बङ्गलादेशी सुरक्षा बलहरूले हसिनाको आवामी लिग पार्टीका समर्थक र उहाँको ‘फासीवादी’ पूर्व सरकारका वफादारहरू विरुद्ध व्यापक गिरफ्तारी गरेका छन्।

ओधिकारले सन् २०२४ अगस्ट ९ र डिसेम्बर ३१ को बीच भएका १२ मृत्युको विवरण दिएको छ।

बङ्गलादेशका सशस्त्र बलका जनसम्पर्क निर्देशक सामी-उद-दौला चौधरीका अनुसार सुरक्षा बलहरूले 'सबै मामिलाको अनुसन्धान गरिरहेका छन्।'

## पनामाले भेनेजुएला फर्कन खोज्ने आप्रवासी रोक्यो

पासो क्यानास, पनामा, ३० माघ (रासस/एफपी/एएफपी)।

राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्वासन नीतिका कारण संयुक्त राज्य अमेरिकाको यात्रा त्यागेर स्वदेश फर्कन खोजेका दर्जनौं आप्रवासीलाई पनामाको प्रहरीले मङ्गलबार फिर्ता पठाएको छ।

दङ्गा प्रहरीले क्याराभान आप्रवासीलाईलाई व्यवस्थित रूपमा स्वदेश फिर्ती प्रक्रियाका लागि कोस्टारिका फर्कन बाध्य बनाएको हो।

नाम नबताउने एक आप्रवासीले एएफपीसँग भन्नुभयो, “हामी पूरा हुन नसकेको सपनाको खोजीमा गयौं र अब हामी फेरि घर फर्किरहेका छौं।”

भेनेजुएलाका आन्द्रेस परेडेसले अमेरिकाको लामो यात्राका क्रममा भोकभोकै बस्न र सडकमा सुत्नबाट जोगिन चाहेको बताएका छन्।

“कोस्टारिकाको एक आश्रयस्थलमा आप्रवासीहरूको आपराधिक रेकर्डको बायोमेट्रिक जाँच गरिनेछ र त्यसपछि हवाई वा समुद्री मार्गबाट स्वदेश फर्कनका लागि पनामा पठाइनेछ,” पनामाको सुरक्षा मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ।

कोस्टारिकाका सुरक्षा मन्त्री मारियो जामोरालाई उद्धृत गर्दै विज्ञप्तिमा भनिएको छ, “हामी आप्रवासनको व्यवस्थित, कानुनी, मानवीय र सुरक्षित प्रवाह सुनिश्चित गर्न चाहन्छौं।”

कोलम्बियाबाट पनामासम्म अघोर डारिएन जङ्गल हुँदै धेरै आप्रवासीले खतरनाक यात्रा तय गरेका थिए।

गत महिना आफ्नो कार्यभार सम्हालेको पहिलो दिन नै ट्रम्पले दक्षिणी अमेरिकी सीमामा राष्ट्रिय आपतकाल घोषणा गर्दै लाखौं आप्रवासीलाई देश निकाला गर्ने प्रतिबद्धता जनाउनुभएको थियो।

जुलाईमा वासिङ्टनसँग भएको सम्झौतापछि पनामाले डारियन क्षेत्रका धेरै मार्गहरू बन्द गरेको छ र आप्रवासीहरूलाई अमेरिकी आर्थिक सहयोगमा कोलम्बिया र इक्वेडरलगायत देशहरूमा सडक यातायात र उडानमार्फत फिर्ता गरेको छ।

# 'बैंक तथा वित्तीय संस्थाले ऋणीको धितो लिलामी प्रक्रिया पारदर्शी बनाउनुपर्छ'

वीरगञ्ज (पर्सा), ३० माघ (रासस) ।
बैंक तथा वित्तीय संस्थाले ऋणीको धितोबापतको सम्पत्ति लिलाम गर्दा कानुनी र विश्वसनीय ढङ्गले गर्नुपर्ने एक कार्यक्रममा वक्ताहरूले बताएका छन् ।

जिल्ला प्रशासन कार्यालय पर्साको समन्वयमा आज यहाँ आयोजित बैंक तथा वित्तीय संस्थाका प्रादेशिक प्रमुख तथा प्रतिनिधिसँगको अन्तरसंवाद कार्यक्रममा वक्ताहरूले बैंक तथा वित्तीय संस्थाले ऋणीको धितोबापतको सम्पत्ति लिलाम गर्दा देखावटी रूपमा मात्रै नभएर विश्वसनीय ढङ्गले गर्नुपर्ने बताएका हुन् ।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बैंक तथा वित्तीय संस्थाले ऋणीको धितोबापतको सम्पत्ति लिलाम गर्दा पारदर्शिता र विश्वसनीयता कायम गर्नुपर्ने बताउनुभयो ।

"धितो स्वीकार गर्ने बेला रु ५० लाख मूल्याङ्कन भएको सम्पत्ति लिलाम गर्नुपर्दा भने रु २८÷३० लाख मूल्याङ्कन गर्ने प्रक्रियालाई सुधार गर्न जरुरी भइसकेको छ", उहाँले भन्नुभयो, "धितो स्वीकार गर्दा इन्जिनियरसहितको प्रयोग गरेको देखिन्छ तर, लिलाम गर्दा सो प्रक्रिया किन नअपनाइएको हो? यो विषयमा पनि सुधार गर्न आवश्यक भइसकेको छ ।"

प्रजिअ अर्यालले धितो लिलाम गर्दा पहिला बनिबनाउ तीन÷चार व्यक्ति लगेर प्रक्रिया मात्रै मिलाउने प्रवृत्तिमा सुधार गर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिनुभयो । "बैंक तथा वित्तीय संस्थाले कानुनी प्रक्रिया मात्रै पूरा गरेका देखिन्छन्", उहाँले भन्नुभयो, "असल नियत र खराब नियतका ऋणीलाई एउटै नजरले हेर्न हुँदैन । व्यवहारिक र पारदर्शीतालाई पनि ध्यान दिन जरुरी छ ।"

नेपाल राष्ट्र बैंक वीरगञ्जका निर्देशक सुशील पौडेलले बैंक तथा वित्तीय संस्थाले ऋण प्रवाहमा मात्रै ध्यान नदिएर ऋण दिएपछि पनि ऋणीको निरन्तर अनुगमन गर्नुपर्नेमा जोड दिनुभयो । "धेरै ऋण प्रवाह गर्नेतर्फ मात्रै ध्यान केन्द्रित गर्नुहुँदैन", उहाँले भन्नुभयो, "जुन प्रयोजनको लागि ऋण लिएको हो । सोही प्रयोजनमा प्रयोग भयो कि भएन भन्नेतर्फ पनि सचेत हुन जरुरी छ ।"

वीरगञ्ज बैंक तथा वित्तीय संस्था समूहका संयोजक रोहिणी आचार्यले राष्ट्र बैंकको नीति र निर्देशिका अनुसार सञ्चालन हुँदै आइएको बताउनुभयो । "केही संस्थाले गरेका गल्ती र कमजोरीलाई देखाएर अन्यलाई खराब भन्न हुँदैन", उहाँले भन्नुभयो, "पछिल्लो समय बैंक तथा वित्तीय संस्थाको ऋण उठाउन समस्या भइरहेको छ । अर्कोतर्फ संस्थाका कर्मचारीलाई पनि भौतिक आक्रमण भएकोतर्फ सचेत गराउन चाहान्छु ।"

नेपाल राष्ट्र बैंक वीरगञ्जका सहायक निर्देशक नरेशकुमार सर्राफले पछिल्लो समय ऋण असुलीमा चुनौती थपिँदै गइरहेको बताउनुभयो । "बैंक तथा वित्तीय संस्थाले ऋणीको धितोबापतको सम्पत्ति लिलामी गर्दा पारदर्शिता अपनाउनु पर्दछ", उहाँले भन्नुभयो ।

पर्साका प्रहरी प्रमुख गौतम मिश्रले प्रहरीमा पछिल्लो समय आर्थिक अपराधका गतिविधिसम्बन्धी उजुरी आउने क्रम बढेको बताउनुभयो । "बैंक तथा वित्तीय संस्थाले आर्थिक अपराधका गतिविधिसम्बन्धी अनुसन्धानको क्रममा सहजीकरण गर्न आवश्यक देखिन्छ", उहाँले भन्नुभयो ।

सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर हेडक्वाटरका गणपति राधेश्याम धिमालले बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालय वरिपरि सिसी क्यामेरा जडान गरी कार्यसम्पादनमा पनि प्रविधिको प्रयोग गर्न अनुरोध गर्नुभयो ।

# ग्यास उद्योगीको आन्दोलन स्थगन

काठमाडौँ, ३० माघ (रासस) ।
नेपाल एलपी ग्यास उद्योग सङ्घले विभिन्न माग राखेर बिहीबारदेखि गर्ने भनिएको आन्दोलन स्थगन गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा आज भएको छलफलपछि सङ्घले आन्दोलन स्थगित गरेको हो ।

उद्योगमन्त्री दामोदर भण्डारीसहित नेपाल आयल निगमका सञ्चालक समिति पदाधिकारी तथा कर्मचारी र सङ्घका पदाधिकारीबीच भएको छलफलमा सङ्घले राखेका जायज माग सम्बोधन गर्ने सहमति भएपछि आन्दोलन स्थगित गरिएको नेपाल एलपी ग्यास उद्योग सङ्घले जनाएको छ ।

सङ्घले आन्दोलन घोषणा गरेपछि मन्त्री भण्डारीले निगम र सङ्घका पदाधिकारीलाई छलफलका लागि बोलाउनुभएको थियो । उहाँले सङ्घले राखेकामध्ये जायज माग सम्बोधन गर्ने आश्वासन दिनुभयो ।

सङ्घले लागतअनुसार बजार मूल्य वृद्धि गर्नुपर्नेलगायत विभिन्न माग राखेर आन्दोलनको घोषणा गरेको थियो । सङ्घले छ वर्षअघि समायोजन गरिएको मूल्यमा अहिले पनि ग्यास वितरण भइरहेकाले घाटा बेहोर्नुपरिरहेको भन्दै मूल्य समायोजनको माग राख्दै आएको छ ।

मन्त्रालयले केही समय पहिला वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक राजन पौडेलको संयोजकत्वमा समिति बनाएको थियो । समितिले पेस गरेको प्रतिवेदनको थप अध्ययन गर्न समय लाग्ने भएकाले सङ्घको आन्दोलन १५ दिनका लागि स्थगित गरिएको आयल निगमका प्रवक्ता मनोजकुमार ठाकुरले जानकारी दिनुभयो ।

# गौशालाका गाईलाई आहारा अभाव

गोपालप्रसाद बराल÷रासस
महोत्तरी, ३० माघ (रासस) ।
महोत्तरीको गौशालास्थित निगौल गाई गौशालाको व्यवस्थापन हुन सकेको छैन । गौशालाको अवलोकन र निरीक्षण उपल्लो तहबाट हुँदै आए पनि समस्या निराकरणमा ठोस पहलकदमी हुन सकेको छैन ।

गत शनिबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले गौशालाको स्थलगत अवलोकन गर्नुभयो । यसअघि तत्कालिन पद्मा अर्यालले पनि यसको अवलोकन गर्नुभएको थियो । गौशाला-४ का अजय कुशवाहा भन्नुहुन्छ, "गौशालाको व्यवस्थापनमा कोहीको ध्यान पुगेको छैन ।"

राष्ट्रिय सहकारी विकास बोर्ड अभिभावकत्वको यो संस्थाको मुख्य रेखदेखको जिम्मा जिल्लाका प्रमुख जिल्ला अधिकारीमा रहेको छ । गाई गौशालाको निरीक्षणपछि मन्त्री अधिकारीले विधि बनाएर समस्या समाधान गरिने बताउनुभयो ।

"मन्त्री, प्रशासनिक प्रमुखलगायतबाट गौशालाको निरीक्षण अनुगमन हुँदै आएको छ", गौशाला बजारका व्यापारी अजय साह भन्नुहुन्छ, "तर सुधार हुन सकेको छैन ।"

हिन्दू परम्परामा गाई पूज्य मानिन्छ । महोत्तरीको गौशालामा गाई गौशालाको बिजोग छ । उचित सम्भार, खानपान र उपचारको अभावमा गौशाला नगरपालिका-३ नवराजपुरस्थित निगौल गाई गौशालाका गाईका हाडछाला मात्र देखिन्छन् । कुपोषणले बर्सेनि गाई मर्न थलेका स्थानीयको भनाइ छ । गौशालाका गाईको उचित रेखदेख हुन सकेको छैन । उनीहरु पौष्टिक आहार र उपचारबाट समेत वञ्चित छन् ।

अहिले नवराजपुर र गौशालामा गरी दुई सयभन्दा बढी गाई छन् । यहाँ गाईका करङ देखिएका छन् । हाडछाला मात्र देखिन्छ । गौशालामा राखिएका गाईको विजोग छ । गौशालाका कर्मचारी पनि गाईको समुचित देखभाल र खानपान व्यवस्थापनबारे राष्ट्रिय सहकारी बोर्ड उदासिन रहेको बताउँछन् । "अभिभावकत्व लिएको बोर्डले कुनै वास्ता गर्दैन", निगौल गाई गौशाला कार्यालयका प्रमुख वीरबहादुर चौधरी भन्नुहुन्छ ।

निगौल गाई गौशाला सञ्चालन गर्न एक सय ४८ बिघा जग्गाको व्यवस्था गरिएको छ । जग्गामा घाँस र अन्य बाली समुचित तबरले लगाउन नसक्दा गाईलाई आहाराको अभाव भएको छ । "गाईकै खानपान व्यवस्थाका लागि जग्गा छ, तर त्यो जग्गा जोतकोड गर्ने, घाँस र अन्यबाली लगाउने गरेको देखिँदैन । अधिकांश जग्गा बाँझै छ", स्थानीय रिझन साह भन्नुहुन्छ, "स्थानीय तहले पनि यसप्रति बेवास्ता गरेको छ ।"

निगौल गाई गौशालामा अहिले राष्ट्रिय सहकारी बोर्डका ज्यालादारीसहित ३० कर्मचारी कार्यरत छन् । यसमध्ये २६ जना त गोठालाकै दरबन्दीमा रहेका छन् । उनीहरुले गाईको हेरचाह राम्रोसँग गर्न सकेका छैनन् । आहारा दिन नसक्दा गाई थारा बस्ने क्रम बढेको कार्यालय प्रमुख चौधरीको स्वीकारोक्ति छ । "गाईकै आहाराको ऋण ५० लाख पुग्यो होला", प्रमुख चौधरी भन्नुहुन्छ, "अब त उधारो पत्याउन छाडे । त्यसैले गाईलाई पौष्टिक आहारा खुवाउन सकिएको छैन ।" यो प्रबन्ध राष्ट्रिय सहकारी विकास बोर्डले गर्नुपर्ने उहाँको भनाइ छ ।

यसबारे पटकपटक विभिन्न निकायमा ताकेता गरेपनि वास्ता नभएको चौधरीको गुनासो छ । गाई गौशालाको जग्गामा पशु हाट लगाइने ठेक्का बन्दोबस्तबाट २५ प्रतिशत आफ्नो कार्यालयले पाउनुपर्ने पूर्वसहमति भए पनि गौशाला नगर कार्यपालिकाको कार्यालयले रकम दिन विगतदेखि नै आनाकानी गर्दै आएको गाई गौशालाका कर्मचारी बताउँछन् ।

गाई गौशालाको नाममा रहेको एक सय ४८ बिघा जग्गामध्ये भण्डै ५० बिघा जति अतिक्रमणको चपेटामा परेको छ । यो अतिक्रमण गरिएका जग्गामा घर ठडिएका छन् । अतिक्रमण हटाउन पहलकदमी हुन सकेको छैन । दश बिघामा गाई गोठ, नौ÷नौ बिघामा पोखरी र फूलबारी तथा करिब ५६÷५७ बिघाजति खेतीयोग्य जग्गा छ । यसमध्ये २० बिघा नियमित घाँस खेतीका लागि छुट्याइएपनि खेती नलगाइँदा गाईले हरियो घाँस खान पाएका छैनन् । अन्य जग्गा ठेक्कामा लगाइने गरेको छ । गाई गौशालाको तीन बिघामा गौशाला नगरपालिकाले पशु हाट लगाउँदै आएको छ । हाटको निश्चित प्रतिशत आम्दानी गाई गौशालाले नपाएको गाई गौशाला व्यवस्थापन समितिको कार्यालयले जनाएको छ । गाई गौशालाको व्यवस्थापनमा तीनै तहका सरकार र राष्ट्रिय सहकारी बोर्डले पहलकदमी लिनपर्ने स्थानीय बताउँछन् ।

# चिकित्सा शिक्षा आयोगको बैठक : मेडिकल कलेजमा विदेशी विद्यार्थीको सङ्ख्या बढाउन छलफल

काठमाडौँ, ३० माघ (रासस) ।
प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बुधवार भएको चिकित्सा शिक्षा आयोगको १७औँ बैठकले निजी मेडिकल कलेजमा अध्ययन गर्ने विदेशी विद्यार्थीको सिट सङ्ख्या वृद्धि गर्ने विषयमा छलफल भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको आयोगको बैठकमा निजी मेडिकल कलेजले आवासीय चिकित्सकलाई सरकारी सरह निर्वाह भत्ता उपलब्ध गराउने यसघिको आयोगको निर्णय कार्यान्वयनको सहजीकरणका लागि विदेशी विद्यार्थीको सङ्ख्या बढाउने प्रस्ताव आएको हो । यसबारे छिट्टै बस्ने आयोगको बैठकमा प्रस्ताव आउनेछ । हालसम्म मेडिकल कलेजले १० प्रतिशतको सङ्ख्यामा विदेशी विद्यार्थी अध्यापन गराउने प्रबन्ध रहेको छ ।

यसअघि यही माघ २५ गतेको आयोगको १६औँ बैठकले आवासीय चिकित्सक (विद्यार्थी)को आन्दोलनको माग सम्बोधन गर्दै निजी मेडिकल कलेजले सरकारी सरह (आठौँ तह) को मासिक रु ४८ हजार ४३६ निर्वाह भत्ता कायम गर्नुपर्ने निर्णय गरेको थियो ।

चिकित्सा शिक्षाको एकीकृत नियमन, अनुगमन, प्रवेश परीक्षा सञ्चालन, शिक्षण संस्थाको विद्यार्थी सिट सङ्ख्या र शिक्षण शुल्क निर्धारणसम्बन्धीकार्य गर्दै आएको आयोगको बुधवारको बैठकले स्नातकोत्तर तहमा २०९ सिट सङ्ख्या थप गर्ने निर्णय गरेको छ । यस्तै बैठकले नर्सिङ शिक्षाको अध्ययन अध्यापन तथा क्षमता विस्तारसम्बन्धीकार्य दलको प्रतिवेदनलाई पारित गरेको छ भने शैक्षिक संस्था र कार्यक्रम गाभ्ने मापदण्डका विषयमा बैठकमा छलफल भएको छ ।

बैठकमा प्रधानमन्त्री ओलीले सरकारले सबै विद्यार्थीलाई निःशुल्क पढाउन नसक्ने र निजी कलेजको पनि साथ लिन आवश्यक पर्ने भएकाले उठेका समस्यालाई थप गृहकार्य गरेर निष्कर्ष निकाल्नुपर्नेमा जोड दिनुभयो । उहाँले नर्सिङ शिक्षालाई सुक्न नदिन ठोस प्रस्ताव ल्याउन र नर्सको सेवा र सुविधा बढाउन आग्रह गर्नुभएको थियो ।

# जनकपुरमा चलचित्र शिविर सञ्चालन हुँदै

काठमाडौँ, माघ ३० गते ।
चलचित्र विकास बोर्डले मधेश प्रदेशको जनकपुरमा फागुन १३, १४ र १५ गते चलचित्र शिविर सञ्चालन गर्ने भएको छ । मधेशमा चलचित्रबारे अभिरुची र चेतना जागृत गराई त्यहाँको बजारलाई विस्तार र सदृढ बनाउने उद्देश्यसहित शिविर सञ्चालन गर्न लागिएको हो ।

चलचित्रमार्फत समभावको संस्कृति विकास गर्ने लक्ष्यसहित मधेशमा नेपाली तथा मातृभाषा चलचित्रको अवस्था, बजार तथा दर्शकको रुचिको अध्ययन-सर्भेक्षण गर्ने, मधेशका युवा चलचित्रकर्मीलाई चलचित्र नीति, विधिबारे अभिमूखीकरण गर्ने, मधेसी समाजका मौलिक, नवीन र उत्कृष्ट कथाहरूको खोजी गर्ने, चलचित्रसँग सम्बन्धित विषय क्षेत्रबारे बहस-विमर्श गर्ने उद्देश्यले चलचित्र शिविर सञ्चालन गर्न लागिएको बोर्ड अध्यक्ष दिनेश डिसीले बताउनुभयो।

'चलचित्र शिविर कार्यक्रम नेपाली चलचित्र उद्योगमा दूरगामी प्रभाव पार्ने एक विशेष अभियान हो । यो कार्यक्रम मात्र होइन, चलचित्रमार्फत देश जोड्ने एक महत्त्वपूर्ण सेतु हो । समभावको व्यवहार र संस्कृति विकास गरी सामाजिक-सांस्कृतिक सदभाव, सहिष्णुता र राष्ट्रिय एकतालाई सबल बनाउने यो एउटा सांस्कृतिक एकीकरणको एक प्रयास हो' अध्यक्ष डिसीले भन्नुभयो ।

बोर्डले चलचित्र शिविर अभियान सञ्चालन गर्न बोर्ड सदस्य केदल बुढाथोकीलाई संयोजक तोकेको छ । बोर्ड सदस्य एवं संयोजक बुढाथोकीका अनुसार चलचित्र शिविर अन्तर्गत चलचित्र प्रदर्शन, पोस्टर तथा फोटो प्रदर्शनी, परामर्श सेवा, कार्यशाला, चलचित्रसम्बन्धी अभिमुखीकरण, अन्तरक्रिया, संवाद, संगोष्ठी, चलचित्र सम्मेलनजस्ता कार्यक्रम आयोजना गरिनेछ ।

*गोरखापत्र अनलाइनबाट*

# महिलाको शव फेला

दमक (झापा), ३० माघ (रासस) ।
झापाको शिवसताक्षी नगरपालिका÷११ दुधेमा एक महिलाको शव नग्न अवस्थामा फेला परेको छ । एक्लै बस्दै आएकी ५५ वर्षीया गङ्गाकुमारी लिम्बू आफ्नै घरभित्र मङ्गलबार राति शव फेला परेको वडाध्यक्ष बहादुर आङ्बोले जानकारी दिनुभयो ।

सोमबारदेखि उनी सम्पर्कमा थिइनन् । छिमेकीले घरको झ्यालबाट हेर्दा भान्सा कोठामा लडिरहेको देखेपछि प्रहरीलाई खबर गरेका थिए । इलाका प्रहरी कार्यालय झिलझिलेको टोलीले ढोका फोडेर शव निकालेर दमक अस्पताल पुऱ्याएको थियो ।

गङ्गाकुमारीका श्रीमान भारतमै बस्दै आउनुभएको वडाध्यक्ष आङ्बोले बताउनुभयो । घटनाबारे अनुसन्धान सुरु गरेको झिलझिले प्रहरीले जनाएको छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*